# कालिगण्डकी गाउँपालिकाको आर्थिक ऐन २०७५

**कालिगण्डकी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** कालिगण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने , छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम कालिगण्डकी गाउँ सभा सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कालिगण्डकी गाउँपालिकाको आर्थिक ऐन, २०७५ " रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि कालिगण्डकी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर /घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन , घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार , व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (6) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (7) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग , जिपफ्लायर र र्या)फ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यापफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क , दस्तुरः** गाउँपालिकाले निर्माण , संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर , प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची१:नियम २ संग सम्बधित सम्पति कर

क. घरले चर्चेको

– घर जग्गाले चर्चको र घरको मुल्याकन गरि हुन् आउने मुल्याकनमा ह्रास कट्टी गरि ०.२५%का दरले कर लगाइने छ ।

अनुसूची २:नियम २ संग सम्बधित भूमिकर

- भूमिकर २० रोपनी सम्मको रु २०० र सो भन्दा माथि प्रति रोपनी रु २० दरले लगाइनेछ छ ।

अनुसूची ३: नियम ४ संग सम्बधित घर बहाल कर

–घर जग्गा बहाल कर १२%का दरले लगाइने छ ।

अनुसूची ४ : नियम ५ संग सम्बधित व्यवसाय कर

–आ.ब.०७४/०७५ को यथावत दरले लगाइनेछ छ ।

अनुसूची ५: नियम ६ संग सम्बधित जडीबुटी,कवाडी र जीवजन्तु कर

-कवाडी सामानको निकासीमा प्रति ट्रक रु ४००० र टेकट्रर प्रति टेकट्रर रु २००० का दरले लगाइनेछ छ ।

अनुसूची ६ :नियम ७ संग सम्बधित सवारी कर

- प्रदेश सरकारको नियम बमोजिम लगाइने छ ।

अनुसूची ७ : नियम ८ संग सम्बधित विज्ञापन कर

-विज्ञापन कर आ.ब. ०७४/०७५ को यथावत दरले लगाइनेछ छ ।

अनुसूची ८ :नियम ९ संग सम्बधित

- प्रदेश सरकारको नियम बमोजिम लगाइने छ ।

अनुसूची ९ नियम १० संग सम्बधित बहाल बिटैरी शुल्क

-बहाल बिटैरी शुल्क हाट बजार तथा मेला पर्वमा राखिने पसललाई प्रति पसल रु ५० को दरले लगाइने छ ।

अनुसूची १० :नियम ११ संग सम्बधित पार्किङ शुल्क

-......................

अनुसूची ११ : नियम १२ संग सम्बधित र्याफ्टीङ् शुल्क

- र्याफ्टीङ् शुल्क प्रति व्यति रु ३० का दरले लगाइने छ ।

अनुसूची १२ : नियम १३ संग सम्बधित सेवा शुल्क,दस्तुर

-......................

अनुसूची १३ : प्रर्यटन प्रवेश शुल्क

-.....................